**नेपाल संस्कृत विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/७/२८)

नेपाल संस्कृत विश्वविद्यालयको रिक्त उपकुलपतिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिबाट मिति २०८१/७/२७ मा स्वीकृत "नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१" बमोजिम दरखास्त आह्वान गरिएको छ। इच्छुक तथा योग्य व्यक्तिले उल्लिखित कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएको ढाँचामा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० (दश) दिनभित्र नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको उच्च शिक्षा शाखामा कार्यालय समयमा दरखास्त पेश गर्न आह्वान गरिएको छ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको कार्यालय समयभित्र दरखास्त दिन सकिनेछ।

**नोटः उल्लिखित कार्यविधि मन्त्रालयको वेबसाइटमा राखिएको छ।**